## ७ Success Stories

# सामाजिक कुसस्कार चिर्दै
# गृहणीबाट ब्यवसायी भइन गिता
## वडा नं. ८



गिता राना गुलरिया न.पा. वडा नं. ८ दिपेन्द्र नगर नागरिक सचेतना केन्द्रकी सदस्य हुन । उनी पहिले गृहिणी थिइन भने अहिले ब्यवसायी भएकी छिन । उनी अहिले २७ बर्षकी भइन उनको परिवारमा श्रीमान १ छोरा १ छोरी छन । पहिले श्रीमानको दैनिकी ज्यालादारीमा घर खर्च, औषधि उपचार खर्च सबै धान्न हम्मे हम्मे पर्थ्यो । घर पनि सानो फुस्कोको थियो त्यो पनि गत बर्ष २०७१ साउन २९ र ३० को बाढिले लिएरै गयो । शंकटमा शंकट थपिएकाले उनको परिवारमा दैनिकी जिवन यापन गर्न गाह्रो भइरहेको थियो ।

गिता ना.स.के. कि सदस्य हुन । त्यस ना.स.के.मा जिविको पार्जन सुधार योजना लागु भएपछि २०७१ भाद्र १६ गते रु २००००।०० ऋण लिई बाखा पालन सुरु गरिन । १ माउ र ५ पाठा खरिद गरि एक बर्ष पुग्दा नपुग्दै त्यस बाखाको नाफाबाट घुम्ती पसल समेत खोल्न सफल भइन् । उनी भन्छिन "आज भोलि ब्यापार पनि राम्रै हुन्छ । दैनिक ५-६ सयको कम्तीमा बिक्री हुन्छ । अहिले मलाई श्रीमानको कमाई नभएपनि फरक पर्दैन, छोरा छोरी स्कुलमा पढ्छन । यूनिक टो. वि. स. बाट ऋण लिएर ३ कोठाको ढलान घर समेत बनाएकी अव म ढुक्क छु खान नपाइ मर्नु पर्दैन" उनी थप्छिन ।

गिताको आय आर्जनमा मात्र सुधार आएको छैन गाँउ घरमा हुने हरेक किसिमका कुरीति विरुद्ध उनी लगाएत ना.स.के. का अरु सदस्य समेत एक जुट भएर समाधान तिर लाग्दछन ।

यस ना.स.के.मा मासिक बचत गरी सानो तिनो खर्चका लागि २/४ सय ऋण लिने दिने ब्यवस्था पनि ना.स.के.का सदस्यहरु आफैले मिलाएर हिसाब किताब पनि आफै राख्न सक्ने भएका छन् । सामाजिक रुपमा समूहकै मर्यादा उच्च भएको छ भने गाउघरमा घट्ने जुनसुकै विवाद पनि ना.स.के. आएर समाधान हुन्छ भन्ने विश्वासमा समुदाय वढेको छ ।

घटना दर्ता, नागरिकता, वाल विवहा, वहुविवहा, महिला हिंसा, मानव वेचविखन जस्ता विषयहरुमा जानकारी लिने र त्यसता घट्ना हुन नदिन जनचेतनामुलक कार्यक्रम संचालन गर्ने, यदि घटना घटी हालेमा पनि पहिले ना.स.के मै मिलाउने प्रयास गर्ने, तर गम्भिर प्रकृतीका घटना भए कानूनी उपचारको लागि सम्बन्धित निकायमा मै पहल गर्ने गरेका छन् । यसरी गुलरिया नगरपालिका का १४ वटै वडाहरुमा ना.स.के. वाट सामजिक कुसंस्कार, कुरिती, छुवाछुत, जुवतास, दुर्व्यसनी जस्ता कृयाकलापहरु हटाउन महत्वपूर्ण भुमिका खेल्दै आएको देखिन्छ ।

आर्थिक सामाजिक परिवर्तनका साथै महिलाहरुको नेतृत्व विकास क्षमता अभिवृद्धि भै आफ्ना कुरा राख्न सक्ने र विभिन्न निकायहरुमा पहुँच स्थापित गर्दै कतिपय आवश्यक्ताहरुको परिपूर्तिको लागि स्वयं माग गर्न सक्ने हैसियतको विकास गर्दै पहुँचमा वृद्धि भएको छ भन्दा अत्युक्ति नहोला ।

## वालविवाह रोक्ने सामूहिक प्रयासमा सफल ना स के
## वडा नं. १३



३८ वर्षकी नसीवुन वेहना गु.न.पा. १३ जयरामपुमा वस्दछीन । मधेशी समुदायकी विपन्न घरपरिवारकी वेहना मुस्लिम महिला हुन । उनको दुवै श्रीमान श्रीमति मजदुरी गरी घरपरिवार चलाउछन् । उनको १ छोरो र ५ छोरी गरी ८ जनाको परिवार छ । २०६९ मा गठित ना.स.के. को उनी नियमित सहभागी हुन् । २०७१ श्रावन २० गतेका दिन उनले आफ्नै वहिनीको छोरा संग छोरीको विहे गर्ने भनेर रु २०००० ऋण नागरिक सचेतना केन्द्रमा माग गरिन । ऋणवारे छलफल हुदै गर्दा छोरीको उमेर सोद्धा १३ वर्षकी मात्र भएको थाहा भयो । यती सानै उमेरमा किन विवाह गर्न

लागेको भनेर छलफल गर्दा धेरै छोरीहरु छन्, गरिव पनि छौं त्यसैले अहिले देखि गर्दै गरे सजिलो हुन्छ भनेर गर्न थालेको भन्ने जवाफ दिइन । अर्को दिन ना.स.के.का सवैसदस्यहरु संगै फेरी वैठक वसी छलफल गर्दै सम्झायौं कि छोरी सानै छिन्, उनी सानै वच्चा भएकोले शारिरिक रुपमा र कानूनी रुपमा पनि उचित नहुने हुदा अहिले विवाह गर्नु हुदैन भनेर सम्झाउदा वेहना स्वयं आफै वहिनीको घरमा गएर अहिले विवहा नगर्ने निर्नय गरेर आइन र उक्त छोरीको विवाह गर्ने भनेर मागेको ऋणवाट १८००० मा भैसीको पाडी किनिन् । त्यो पाडी २०७२ जेष्ठ २८ गते ४०००० मा वेचिन र फेरी उनले अर्को भैसी किन्ने र पाल्ने योजना वनाएकी छन् र उनका दुवै श्रीमान श्रीमतिले अहिले वैठकमा आएर भने यदि यो समुह नभएको भए हामीले हाम्री छोरीको वच्चैमा विवाह गरिदिने रहेछौ र अहिले उनले धेरै दुःख पाउने रहिछन् जसको कारणले हामीलाई पनि सधै पिरोल्ने थियो त्यसैले यो समुह मेरो लागी धन्यवादको पात्र भएकोछ र मेरो लागी मात्र नभएर पुरै समुदायको लागी भलो गर्ने र पथप्रर्दशक निकायको रुपमा रहेकोछ जसको लागी हाम्री अफ्सर वैनी पनि धन्यवाद की पात्र हुनुहुन्छ ।

## ना.स.के.का सहभागीमा आएको परिवर्तन
## महिला अधिकार तथा महिला हिंसाबारे छलफल चलेपछि महिलाहरुले आफूहरु हिंसामा पर्नुको कारण थाहा पाए । टोलमा महिला हिंसा बढेको उनीहरुले निष्कर्ष निकाले ।
## वडा नं. १०



बर्दिया जिल्लाको गुलरिया नगरपालिका वडा नं. १० मुक्तिनारायण टोल भादा नदीको किनारमा अवस्थित थारु, दलित, मधेशी र अन्य जातीहरुको परिवार बासोबास छ । यहाँका मानिसहरु दैनिक ज्यालादारीमा काम गर्छन् । आर्थिक तथा सामाजिक रुपले पिछाडिएको मुक्तिनारायण टोलमा २०६८ साल बैशाख महिनामा गुलरिया नगरपालिकाद्धारा स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम ( LGCDP) अन्तरगत नागरिक सचेतना केन्द्र गठन गरियो । ज्याला मंजुरी गरेर कमाएको पैंसा पहिले पुरुषहरुले घरमा ल्याउँदैनथे । सबै घर व्यवहार महिलाले धान्नुपर्थ्यो । श्रीमान बाट सहयोग नपाउदा महिलाहरु दिक्क भएका थिए । पुरुषहरु घरमा आए पछि जहिल्यै श्रीमति सँग झगडा गर्थे । ३ बर्ष अघि गठन भएको नागरिक सचेतना केन्द्रमा बिभिन्न बिषय बारे छलफल हुनथाल्यो । महिला अधिकार तथा महिला हिंसाबारे छलफल चलेपछि महिलाहरुले आफू हिंसामा पर्नुका कारण थाहा पाए । रक्सीले टोलमा महिला हिंसा बढेको उनीहरुकै निष्कर्ष थियो । नागरिक सचेतना केन्द्रका महिलाहरुले रक्सी खाएर श्रीमतीलाई पिट्ने श्रीमानलाई करवाही गर्ने निर्णय गरे । नागरिक सचेतना केन्द्रका सदस्य मुन्नी थारुको श्रीमान बिष्णु थारुले सधै रक्सी खाएर श्रीमती मुन्नी थारुलाई पिट्ने कार्य गर्ने र अन्तिममा सम्बन्धबिच्छेड गर्ने समेत पुगेका मुन्नी थारुले आफनो समस्या रिफ्लेक्ट कक्षामा राखेपछि सबै सदस्यहरुले मुन्नी थारुको घरमा गएर श्रीमान लाई सम्झाई बुझाई गरी उनीहरुको जिवन पहिलेकै जस्तै सुधार भएको छ र आजकाल त बिष्णु थारु पनि रिफ्लेक्ट कक्षामा आउने गर्दछन् । यो कार्यको बारेमा टोलमा धेरै चर्चा चल्यो र घरेलु हिंसा बारेमा सबै जसोले थाहा पाए । यसरी समुदायमा घरेलु हिंसामा सापेक्ष कमि आएको छ ।



## जीविकोपार्जनमा सफलताको कथा

**वडा नं. ४**



**पहिलेका अवस्थाः**

गुलरिया नगरपालिका वडा नं. ४ शान्ती टो.वि.स. का निवासी ४० वर्ष की राजकुमारी थारु तीन जना परिवार श्रीमान, श्रीमती र छोरा उनले सुकुम्वासी आयोग बाट १ कठ्ठा जग्गा पाएकी थिइन उनको स्थिति सारै कमजोर हुनाले उनी जमिन्दारको खेतमा काम गर्न जान्थिन भने श्रीमान बजारमा मजदुरी गर्न र छोरा भारत कमाउन जान्थे उनीहरुले काम नपाएको वेला एक छाक खाना पनि गाह्रो हुन्थ्यो ।

**हालका अवस्थाः**

गुलरिया नगरपालिका नं. ४ का वडा नागरिक मञ्च तथा छनौटमा परेकी दोस्रो चरणको शान्ती नागरिक सचेतना केन्द्रकी संयोजकको पदमा छनौट भएकी राज कुमारी थारुले CAC संचालनको समयमा समुहमा र अन्य समयमा मजदुरी गर्न जान्थिन । CAC मा वसेर काम गर्दै जाँदा मिति २०७१ साल असोज महिनामा जीविकोपार्जन सुधार योजना (LIP) बाट २०,००० रुपैया लिएकी थिइन । त्यसैवाट घुम्ती पसल का साथै चिया र नास्ता पसलवाट दिनको रु. ५०० आम्दानी गर्न थालेकी थिइन र व्यवसायलाई अझ राम्रो वनाउन उनले अहिले फ्रिज र चिसो पनि राखेकी छिन् उनको श्रीमानको नाममा रु. १०० र उनको नाममा रु. १०० दैनिकरुपमा वैंकमा वचत गर्न थालेकी छिन् र व्यवसाय दर्ता प्रक्रियामा रहेको उनले बताउछिन् ।

## महिला हिंसा विरुद्ध सफल अभियान

**वडा नं. ५**



गुलरिया नगरपालिकाको १४ वटा वडाहरु मध्ये गु.न.पा. ५ को रामपुर टापु सामाजिक ,आर्थिक शैक्षिकरुपले पनि अन्य वडाहरु भन्दा कमजोर स्थिति रहेको वडा हो । महिलाहरुले घरको काम गर्नुपर्छ भन्ने मानसिकताले ग्रसित त्यस समुदायमा महिलाहरुले राम्ररी बोल्ने र आफ्ना समस्या अरुसँग भन्न सक्ने बातावरण थिएन । त्यस समुदायमा विभिन्न किसिमका महिला हिंसा हुने गरेको थियो । त्यस समुदायको एक महिला ***मञ्जु राणा*** ना स के को नियमित सदस्य हुन । मञ्जु राणाको त्यस समुदायमा जातिय भेद, महिला हिंसा लगायत विभिन्न कुसंस्कार जस्ता मानसिकताले ग्रसित थियो । जसले गर्दा उनि आफै पनि संकुचित मानसिकताले ग्रसित थिइन । उनको श्रीमानले पनि उनलाई समुहको बैठक ,कार्यक्रममा जानदिनु हुदैनथ्यो । उनको श्रीमानले उनलाई घरमा पिट्ने गाली गर्ने गर्थे भन्ने थाहा भएपछि ना.स.के.को बैठकमा त्यस सम्बन्धी छलफल गरियो । ना.स.के.को महिलाहरुले उनको श्रीमानलाई बैठकमा बोलाएर सम्झाउने कार्य समेत गरे र महिला हिंसाको कानूनी व्यवस्था र त्यसको दुस्परिणामको बारेमा पनि छलफल गरे । त्यस दिन पछि त्यो समुदायमा कसैले पनि महिला हिंसा नसहने महिला हिंसा गर्नेलाई कारबाही गर्ने निर्णय गरे । जसले गर्दा आज भोली मञ्जु राणा जस्तै अन्य परिवारलाई महिला हिंसा भोग्नु परेको छैन् । यस नागरिक सचेतना केन्द्रमा रिफ्लेक्ट वृत्त कलास हुदा सबैजना नियमित आउने गर्छन र आफ्ना समस्याहरुको बारेमा छलफल गर्ने गर्छन् । आजभोली ***मञ्जु राणा*** को श्रीमानले उनलाई गर्ने व्यवहार राम्रो भएको र दुबै जना मिलेर काम गरेको पाईएको छ । श्रीमानले जाड रक्सी पनि खान छोडेका छन् ।